**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# राजनीतिक स्थायित्व र विकासमा नेपालको लोकतान्त्रिक यात्रा

**चोपलाल धमला**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Choplal Dhamala Email: dhamalacl55@gmail.com*
*DOI: https://di.org/10.3126/oj.v2i3.80002*

**लेखसार**

*नेपालको लोकतान्त्रिक इतिहास विभिन्न राजनीतिक घटनाक्रमहरूले भरिएको छ। वि.सं. २००७ सालको क्रान्तिबाट शुरु भएको प्रजातान्त्रिक यात्रा, राणा शासनको अन्त्यसँगै राजा त्रिभुवनको नेतृत्वमा संविधानसभा मार्फत शासन संचालनको घोषणा भएको थियो तर जनतको त्यो माग पुरा भएन । यसपछि वि.सं. २०१५ सालमा भएको आम निर्वाचनमा नेपाली कांग्रेस बहुमतमा ल्यायो तर वि.सं. २०१७ मा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे । वि.सं. २०३६ सालमा जनमत संग्रहमार्फत पञ्चायती व्यवस्थामा रहन वा बहुदलीय प्रजातन्त्रमा जान भन्ने निर्णयको प्रक्रिया सुरू भयो । वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनसँगै पञ्चायती व्यवस्थाको अन्त्य भयो र बहुदलीय प्रजातन्त्र पुनः स्थापित गरियो। २०५९ मा राजा ज्ञानेन्द्रले संविधानको उल्लङ्घन गर्दै कार्यकारी शक्ति आफ्नो हातमा लिएका थिए। त्यसपछि, २०६२/०६३ को दोस्रो जनआन्दोलनले राजा ज्ञानेन्द्रलाई हटायो र गणतन्त्रको दिशा सुरु भयो । वि.सं. २०६४ मा पहिलो संविधानसभाको निर्वाचन भयो, तर २०७० मा दोस्रो संविधानसभा गठन गरियो र २०७२ मा लामो संघर्षपछि नेपालको संविधान जारी भयो । यस घटनाक्रमले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापन गर्‍यो। नेपालको लोकतान्त्रिक यात्रा संघर्ष र बलिदानले भरिएको छ, जसले राजनीतिक सचेतनामा ठूलो परिवर्तन ल्याएको छ । यही पृष्ठभूमिमा राजनीतिक स्थायित्व र विकासको सम्बन्ध बुझ्न आवश्यक छ ।*

**मुख्यशब्द :** राजनीतिक स्थायित्व, लोकतान्त्रिक यात्रा, विकास, नेपाल, संघीयता, संक्रमण, नीति, शासन

## विषय परिचय

नेपालको लोकतान्त्रिक इतिहास बहुपरिवर्तनशील राजनीतिक घटनाक्रमको साक्षी रहँदै आएको छ । आधुनिक नेपालमा प्रजातन्त्रको बीउ रोपिएको समय वि.सं. २००७ सालको क्रान्तिबाट सुरु हुन्छ । त्यसबेला राणा शासनको अन्त्य भई राजा त्रिभुवनको सक्रिय भूमिकामा संविधानसभामार्फत शासन सञ्चालन गर्ने घोषणा गरिएको थियो। तर, पूर्ण प्रजातन्त्र स्थापनाको आशा अधुरै रह्यो । वि.सं. २०१५ सालमा पहिलोपटक संसदीय निर्वाचन सम्पन्न भयो र नेपाली कांग्रेस बहुमतसहित सत्तामा पुग्यो। तर, केही समयमै वि.सं. २०१७ मा राजा महेन्द्रले संवैधानिक व्यवस्था खारेज गरी “पञ्चायती व्यवस्था" लागू गरे, जसले निरंकुश राजतन्त्रको युग सुरु गऱ्यो । वि.सं. २०३६ सालमा जनमत संग्रहमार्फत पञ्चायती व्यवस्था जारी राख्ने वा बहुदलीय प्रजातन्त्रमा जाने भन्ने निर्णयको प्रक्रिया सुरु भयो। जनमत पञ्चायती व्यवस्थाकै पक्षमा आएको देखाइयो, तर निष्पक्षतामाथि प्रश्न उठाइयो । वि.सं. २०४६ सालमा ऐतिहासिक जनआन्दोलनमार्फत पञ्चायती व्यवस्थाको अन्त्य भयो र संविधानसभा गठन गरी बहुदलीय प्रजातन्त्र पुन:स्थापित गरियो। नयाँ संविधान अनुसार, संवैधानिक राजतन्त्रसहितको संसदीय प्रणाली स्थापना गरियो । तर, वि.सं. २०५९ मा राजा ज्ञानेन्द्रले संविधानको उल्लङ्घन गर्दै कार्यकारी शक्ति आफ्नो हातमा लिएका थिए। त्यसपछि वि.सं. २०६१ मा प्रत्यक्ष शासन लिई गणतान्त्रिक आन्दोलनको जग तयार भयो। वि.सं. २०६२/०६३ को दोस्रो जनआन्दोलनले राजा ज्ञानेन्द्रलाई सत्ताबाट हटायो र नेपाल गणतन्त्र घोषणाको दिशामा अगाडि बढ्यो । वि.सं. २०६४ मा पहिलो संविधानसभाको निर्वाचन सम्पन्न भयो, जसले नयाँ संविधान निर्माणको प्रयास सुरु गऱ्यो। तर, वि.सं. २०७० मा दोस्रो संविधानसभा गठन गर्नुपर्ने स्थिति आयो, किनभने पहिलो सभा संविधान जारी गर्न असफल रह्यो । अन्ततः वि.सं. २०७२ मा लामो संघर्षपछिको संविधान जारी भयो, जसले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित गऱ्यो । यी सम्पूर्ण घटनाक्रमहरूले नेपाली जनताको राजनीतिक सचेतनामा आमूल परिवर्तन ल्याएको छ। नेपालको लोकतान्त्रिक यात्रा कुनै सरल मार्ग थिएन, तर यो संघर्ष र बलिदानले भरिएको थियो। यही पृष्ठभूमिमा नेपालमा राजनीतिक स्थायित्व र विकासको सम्बन्ध बुझ्न आवश्यक छ।

## अध्ययन विधि र प्रक्रिया

यो अनुसन्धान गुणात्मक र ऐतिहासिक अध्ययन प्रविधिमा आधारित छ, जसले नेपालको लोकतान्त्रिक विकास र राजनीतिक स्थायित्वबीचको अन्तरसम्बन्धको विश्लेषण गर्दछ। अनुसन्धानमा द्वितीयक स्रोतहरू–जस्तै सरकारी प्रतिवेदन, संविधान, नीति दस्तावेजहरू, शैक्षिक अनुसन्धानपत्रहरू, पत्रकारिता सामग्री, तथा राजनीतिक विश्लेषणहरू–प्रयोग गरिएको छ । अनुसन्धानले ऐतिहासिक कालक्रम अनुसार प्रमुख राजनीतिक परिवर्तनहरू, संवैधानिक व्यवस्थाहरू, नीति निर्माण प्रक्रियाहरू, र तिनको विकास सूचकहरूमाथि पार्ने प्रभाव विश्लेषण गरेको छ । विशेषगरी वि.सं. २००७ देखि २०७२ सम्मका कालखण्डलाई प्रमुख फोकस बनाई विश्लेषण गरिएको छ । यस अध्ययनले गुणात्मक सामग्री विश्लेषणको

प्रविधि प्रयोग गरी विषयगत ढाँचामा डाटा व्यवस्थित गरेको छ। उदाहरणका लागि, संविधान परिवर्तनले संघीय शासनको अवधारणामा कस्तो परिवर्तन ल्यायो? राजनीतिक अस्थिरताका कारण विकास कार्यक्रम कति प्रभावित भए? जनताको राजनीतिक सहभागितामा कस्तो स्तरको परिवर्तन आयो?–जस्ता प्रश्नहरूको उत्तर खोजिएको छ । त्यसका अतिरिक्त केही केस अध्यनहरू–जस्तै स्थानीय तहको निर्वाचनपछि देखिएको प्रशासनिक सुदृढीकरण, संविधान जारी गर्नुअघिको संविधानसभा असफलता, वा २०६२/६३ को जनआन्दोलनको असर–प्रयोग गरी विश्लेषणलाई थप मूर्त तुल्याइएको छ । अनुसन्धान प्रक्रिया पाँच चरणमा विभाजन गरिएको छः (१) ऐतिहासिक कालक्रम निर्धारण, (२) स्रोत सङ्कलन, (३) विषयगत वर्गीकरण, (४) समालोचना र विश्लेषण, र (५) निष्कर्ष निर्माण। अनुसन्धानले सैद्धान्तिक आधारका रूपमा उत्प्रेरणाको सिद्धान्त प्रयोग गर्दै नेपालको राजनीतिक स्थायित्व कसरी नागरिक सहभागिता र विकासमा योगदान पुऱ्याउँछ भन्ने बुझेको छ । यसरी यो अध्ययन गुणात्मक र ऐतिहासिक विश्लेषणमा आधारित भएर समकालीन नेपाली राजनीतिको गहिरो बिमर्श प्रस्तुत गर्न लक्ष्य राख्दछ।

**अध्ययनको परिसीमा**

नेपालको लोकतान्त्रिक इतिहासमा भएका प्रमुख राजनीतिक घटनाक्रमहरूमध्ये यो अध्ययनले वि.सं. २००७ देखि २०७२ सम्मको कालखण्डलाई प्रमुख अनुसन्धान क्षेत्रको रूपमा समेटेको छ। यस अवधिमा नेपालले निरंकुशता, संवैधानिक राजतन्त्र, संक्रमणकालीन शासन, र अन्ततः संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरणजस्ता गहिरा राजनीतिक संक्रमणहरू अनुभव गऱ्यो। तसर्थ, अध्ययनको फोकस यही कालखण्डका ऐतिहासिक, राजनीतिक र नीतिगत पक्षहरूमा केन्द्रित गरिएको छ। भौगोलिक रूपमा अध्ययनले सम्पूर्ण नेपालको प्रतिनिधित्व गर्ने प्रयास गरेको भए तापनि केन्द्रीय शासन, प्रदेश सरकारहरू र स्थानीय तहमा देखा परेका राजनीतिक स्थायित्व/अस्थिरताको अवस्था विश्लेषणका लागि विशेष केस क्षेत्रको रूपमा प्रयोग गरिएको छ। विषयगत दृष्टिकोणले अध्ययन निम्न पक्षहरूमा केन्द्रित छ :

- क. संविधान निर्माण प्रक्रियाहरू र त्यसको राजनीतिक स्थायित्वमा पार्ने प्रभाव
- ख. विभिन्न राजनीतिक प्रणाली (पञ्चायत, बहुदलीय, संविधानसभा, गणतन्त्र) को विश्लेषण
- ग. राजनीतिक अस्थिरताले विकास परियोजनामा पार्ने प्रभाव ड्ड संघीयता र स्थानीय शासनको कार्यान्वयन अवस्था
- घ. राजनीतिक दलहरूको व्यवहार र घोषणापत्रको कार्यान्वयन

यस अनुसन्धानमा प्रत्यक्ष रूपमा साक्षात्कार वा फील्ड सर्वेक्षणजस्ता प्राथमिक स्रोत प्रयोग गरिएको छैन। यसको सट्टा द्वितीयक स्रोतहरू–जस्तै सरकारी प्रतिवेदन, नीति दस्तावेज, जर्नल लेख, समाचार रिपोर्ट, संविधान र कानुनी दस्तावेजहरू–प्रमुख स्रोतका रूपमा प्रयोग गरिएका छन ्। परिसिमा निर्धारणको एक उद्देश्य भनेको अध्ययनलाई स्पष्ट, सुसङ्गत र सन्दर्भ-सापेक्ष बनाउनु हो । त्यसैले

अध्ययनले वैदेशिक सहायता, अंतर्राष्ट्रीय राजनीतिक प्रभाव, वा निजी क्षेत्रको सहभागिता जस्ता विषयहरूलाई प्रत्यक्षरूपमा समेटेको छैन, यद्यपि तिनीहरूको अप्रत्यक्ष प्रभावको संकेत गरिएको छ । यसरी अध्ययनको परिसिमा नेपालकै आन्तरिक राजनीतिक संरचना, राजनीतिक स्थायित्व र तिनको विकाससँगको सम्बन्धमा सीमित गरिएको छ, जसले अनुसन्धानलाई स्पष्ट उद्देश्य र सन्दर्भमा केन्द्रित राख्न सहायता पुऱ्याउँछ ।

**पूर्वकार्यको पुनरावलोकन**

नेपालको राजनीतिक स्थायीत्व र विकासबीचको सम्बन्धबारे हालसम्म विभिन्न अनुसन्धानकर्ताहरूले बहुपक्षीय दृष्टिकोणबाट विश्लेषण गरेका छन् । अवस्थी (२०७५) ले नेपालको राजनीतिक संक्रमणकालमा जनआन्दोलनहरूको भूमिकालाई स्थायीत्वतर्फको प्रवेशद्वारका रूपमा व्याख्या गर्दै, स्थायीत्वलाई स्थिर संरचनाको रूपमा नभई जनचाहनाअनुसार परिवर्तनशील प्रक्रिया मानेका छन्। तर, उनी आर्थिक स्थायीत्वको पक्षमा पर्याप्त विश्लेषण गर्न चुकेका देखिन्छन्, जसले उनीद्वारा प्रस्तुत राजनीतिक स्थायीत्वको विमर्शलाई अधूरो बनाउँछ।यसको विपरीत, वाग्ले (२०१८) ले राजनीतिक अस्थिरता र आर्थिक कार्यान्वयनबीचको प्रत्यक्ष सम्बन्धलाई स्पष्ट गर्दै, बजेट कार्यान्वयन तथा विकास योजनाको निरन्तरतामा अस्थिर सरकारको असरलाई प्रस्ट पारेका छन्। दीर्घकालीन विकास रणनीतिहरूको प्रभावकारीतामा राजनीतिक स्थायीत्वको अपरिहार्यता उनको विश्लेषणको केन्द्रमा रहन्छ । हाछेथू (२०१७) को दृष्टिकोण संविधानको प्रभावकारी कार्यान्वयनमा राजनीतिक सहकार्यको महत्त्वतर्फ केन्द्रित छ। उनी संविधान र संघीयता स्थायीत्वका मूल आधार हुन् भन्ने निष्कर्षमा पुग्छन्, जुन सत्ता साझेदारीको व्यवहारिक चुनौतीसँग जोडिएको छ। यसले राज्यसत्ताको बाँडफाँट र सहकार्यलाई स्थायीत्वका आधारभूत शर्तहरूमध्ये एक बनाउँछ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP, २०२०) को प्रतिवेदनले स्थानीय सरकार सुदृढीकरण र जनसहभागितालाई लोकतान्त्रिक अभ्यासको गहिरो रूपका रूपमा लिएको छ। यद्यपि, नीति निर्माण प्रक्रियामा अझै सुधार आवश्यक रहेको निष्कर्षले राजनीतिक स्थायीत्वलाई केवल जनसहभागितामै सीमित नराखी संस्थागत सुधारतर्फ ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ । रावल (२०६६) ले स्थायीत्वको औपचारिक संरचनालाई मात्रै पर्याप्त नठानी, जनअनुभूतिको सन्दर्भमा स्थायीत्व मापन गर्नुपर्ने औंल्याएका छन्। यसले स्थायीत्वको अनुभवजन्य पक्षको महत्त्वलाई उजागर गर्छ।यस्तैगरी, भट्टराई (२०२२) ले दलहरूको प्रतिद्वन्द्विता र संस्थागत कमजोरीलाई अस्थिरताको प्रमुख कारण मान्दै, दलहरूबीचको सहकार्य र सशक्त संस्थागत संरचनालाई सार्वजनिक नीति निर्माणमा स्थायीत्व ल्याउने उपायको रूपमा प्रस्तुत गरेका छन् । थापा (२०१६) ले राजनीतिक स्थायीत्व र आर्थिक समृद्धिबीचको सम्बन्धलाई विश्लेषण गर्दा आर्थिक नीति र संसाधन व्यवस्थापनलाई सहायक कारकका रूपमा चिनाएकी छन्। यसले विकासलाई बहुआयामिक दृष्टिकोणमा हेर्नुपर्ने खाँचो औंल्याउँछ । त्यस्तै, आचार्य (२०२०) ले सामाजिक र सांस्कृतिक सुधारलाई पनि राजनीतिक स्थायीत्वको अनिवार्य पक्षका रूपमा चित्रण गर्दै, स्थायीत्व र विकासको सम्बन्धलाई समग्र सामाजिक रूपान्तरणसँग जोडेका छन् । भण्डारी (२०१५) को संघीयता सम्बन्धी

विश्लेषणले संघीय संरचना र स्थानीय शासनको प्रभावकारिता स्थायीत्व र दिगो विकासमा सशक्त आधार बन्नसक्ने सुझाव दिन्छ। यो दृष्टिकोण व्यवहारिक कार्यान्वयनमा हुने चुनौतीसँग गहिरो रूपमा गाँसिएको छ । अन्तत:, राणा (२०१९) ले दीर्घकालीन स्थायीत्व र आर्थिक समृद्धिको सम्बन्ध व्यवहारिक कार्यान्वयनमा निर्भर हुने निष्कर्ष दिएका छन्। संरचनात्मक सुधार मात्र होइन, व्यवहारमा लागू हुने सशक्त प्रणालीको खाँचो उनीद्वारा प्रस्ट पारिएको छ।समग्रमा, प्रस्तुत साहित्यहरू नेपालको राजनीतिक स्थायीत्वलाई बहुआयामिक विषयका रूपमा व्याख्या गर्छन् जहाँ संरचनात्मक, व्यवहारिक, आर्थिक, सामाजिक तथा संस्थागत पक्षहरू अन्तर्सम्बन्धित छन्। यी सबै दृष्टिकोणहरू समेटेर स्थायीत्वको समग्र मूल्याङ्कन गर्नु नेपालको दिगो विकासका लागि अपरिहार्य देखिन्छ।

माथिका अध्ययनहरूले नेपालको लोकतान्त्रिक अभ्यासमा धेरै विश्लेषण गरेका छन्, तर समग्र रूपमा राजनीतिक स्थायित्व र विकासको आपसी सम्बन्ध र तिनको अन्तरनिहित प्रक्रियालाई एकै ढाँचामा समेट्ने प्रयास न्यून छन् । यसैकारण, वर्तमान अध्ययनले ती सबै पक्षहरूलाई एउटै अनुसन्धानको चौघेरामा समेट्ने प्रयास गरेको छ।

## सैद्धान्तिक आधार

राजनीतिक स्थायित्व र विकासबीचको सम्बन्ध बुझ्नका लागि उत्प्रेरणाको सिद्धान्त एक उपयोगी सैद्धान्तिक आधार हो। उत्प्रेरणाको सिद्धान्त मूलत: मानव व्यवहारलाई उत्पन्न गर्ने आन्तरिक तथा बाह्य कारणहरूको अध्ययन हो, जसले सरकार र नागरिकबीचको अन्तर्क्रियालाई बुझ्न सहयोग पुऱ्याउँछ ।

### उत्प्रेरणा र लोकतान्त्रिक सहभागिता :

David McClelland को “Need Theory” अनुसार, मानवको व्यवहार तीन प्रकारका आवश्यकताबाट सञ्चालित हुन्छ–Achievement (उपलब्धि), Affiliation (सम्बन्ध), र Powern (सत्ता) । यो सन्दर्भमा, नेपालको लोकतान्त्रिक आन्दोलनहरू जनताको उपलब्धिको चाहना र राजनीतिक सशक्तिकरणको आकाङ्क्षाबाट उत्पन्न भएको देखिन्छ। वि.सं. २०४६ र २०६२/६३ का आन्दोलनहरू जनतामा अधिकारप्रति उत्प्रेरित भावनाको उपज थिए ।

### स्थायित्वमा नेताहरूको उत्प्रेरणा :

नेतृत्वमा रहेका व्यक्तिहरूको उत्प्रेरणा सत्ता प्राप्ति, सत्ताको उपयोग, र इतिहासमा स्थान बनाउने चाहनाबाट प्रेरित हुन्छ । जब यस्ता उत्प्रेरणा व्यक्तिगत लाभभन्दा राष्ट्रिय हितमा केन्द्रित हुन्छन्, राजनीतिक स्थायित्व सम्भव बन्छ । नेपालको विगतमा नेताहरूको स्वार्थद्वारा प्रेरित निर्णयहरूले सरकारको दीर्घकालीन योजना विफल बनाएको पाइन्छ ।

**संघीयता र स्थानीय स्तरको उत्प्रेरणा :**

संघीय प्रणाली कार्यान्वयनसँगै स्थानीय प्रतिनिधिहरूमा सेवा प्रवाह र जनउत्तरदायित्वप्रतिको उत्प्रेरणा देखिन थालेको छ । स्थानीय तहमा बजेट, योजना र सेवाहरूको प्रत्यक्ष पहुँच भएपछि नेताहरूको राजनीतिक व्यवहारमा पनि परिवर्तन आएको अध्ययनहरूले देखाएका छन् ।

**विकास योजनामा उत्प्रेरणाको भूमिका :**

जब राज्य संयन्त्र तथा कर्मचारीतन्त्र स्पष्ट लक्ष्य र उत्तरदायित्वप्रति उत्प्रेरित हुन्छन्, विकास योजनाहरू पनि परिणाममुखी हुन्छन्। तर राजनीतिक अस्थिरताका कारण उत्प्रेरणाको निरन्तरता खल्बलिने गर्दछ। स्थायित्व भनेको संस्थागत उत्प्रेरणाको संरक्षण पनि हो ।

**निष्कर्ष**

नेपालको लोकतान्त्रिक यात्रा सात दशकभन्दा बढी समयसम्म चलिरहेको लामो संघर्ष, परिवर्तन र रूपान्तरणको परिणाम हो, जसले राजनीतिक स्थायित्व र विकासबीच गहिरो सम्बन्ध स्थापित गरेको छ। वि.सं. २००७ सालको प्रजातान्त्रिक क्रान्तिबाट सुरु भएको यो यात्रा वि.सं. २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गरेर नयाँ रूप लियो। यस क्रममा नेपालले अनेकौँ राजनीतिक उतारचढाव, आन्दोलन, र परिवर्तनको सामना गर्यो जसले स्थायित्व त ल्यायो, तर विकासको दिगो निरन्तरता सुनिश्चित गर्न चुनौती पनि दियो ।

नेपालमा भएका प्रत्येक राजनीतिक परिवर्तनले शासन प्रणालीमा सुधार र स्थायित्व ल्याउने प्रयास त गऱ्यो, तर त्यसपछि सरकारहरूको अस्थिरता र राजनीतिक दलहरूबीचको द्वन्द्वले विकासका दीर्घकालीन नीतिहरूको प्रभावकारिता कम गर्यो। यसले स्पष्ट पार्छ कि राजनीतिक स्थायित्व बिना दीर्घकालीन विकास सम्भव छैन। विकासका विभिन्न क्षेत्रहरू जस्तै पूर्वाधार, शिक्षा, स्वास्थ्य, र ऊर्जा जस्ता क्षेत्रमा निरन्तरता र स्थिरता आवश्यक हुन्छ, जुन केवल स्थिर सरकार र पारदर्शी प्रशासनबाट मात्र सम्भव हुन्छ ।

२०७२ सालको संविधानले संघीयता र स्थानीय शासनको कार्यान्वयन गरी स्थायित्वलाई थप बलियो बनायो। स्थानीय तहमा जनप्रतिनिधि र बजेट व्यवस्थापनको पहुँचले शासनलाई सुदृढ बनाउने अवसर प्रदान गऱ्यो जसले जनताको विश्वास वृद्धि गर्यो। यसले देखाउँछ कि संघीयता र स्थानीय शासनले राजनीतिक स्थायित्वमा सकारात्मक प्रभाव पार्छन् र विकासको मार्ग प्रशस्त गर्छन्। राजनीतिक दलहरूबीच सहकार्य, समन्वय र संविधानप्रतिको सम्मान स्थायित्वका लागि अत्यावश्यक छन्। विगतमा दलगत प्रतिस्पर्धा र अस्थायी गठबन्धनले स्थायित्वमा अवरोध ल्याएको छ। यसैले सत्ता-साझेदारी र दीर्घकालीन रणनीतिहरू विकासका लागि अपरिहार्य छन्। उत्प्रेरित नेतृत्व र जागरुक नागरिक सहभागिता लोकतान्त्रिक स्थायित्व र विकास दुबैका लागि निर्णायक पक्ष हुन् ।

अन्ततः, नेपालको सन्दर्भमा राजनीतिक स्थायित्व र विकास एकअर्काका पूरक हुन्। संरचनागत परिवर्तन मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन, नेतृत्वको प्रतिबद्धता, जनताको सक्रिय सहभागिता र संस्थागत उत्तरदायित्व जरुरी हुन्छ। लोकतन्त्रको स्थायित्वले मात्र विकासलाई दिगो बनाउँछ, र विकासले मात्र लोकतन्त्रलाई जनमुखी र प्रभावकारी बनाउँछ। यसकारण नेपालको लोकतान्त्रिक यात्रा स्थायित्व र विकासबीच सन्तुलन कायम गर्दै अगाडि बढ्नुपर्ने आवश्यकतालाई जोड दिन्छ। लोकतान्त्रिक सुधारहरूलाई निरन्तरता दिँदै स्थायित्व र विकास दुवैलाई सुनिश्चित गर्ने नीति तथा रणनीतिहरू निर्माण गर्न आवश्यक छ, जसले समृद्ध र स्थिर नेपाल निर्माण गर्न सहयोग पुऱ्याउनेछ।

**सन्दर्भ सूची**


अवस्थी, लोकेन्द्रराज,(२०७५),*राजनीतिक संक्रमण र संरचनागत पुनःसंरचना,* पुस्तकालय प्रकाशन ।

आचार्य, शिवराम (२०२०),*राजनीतिक स्थायीत्व र विकास,* पब्लिक पॉलिसी जर्नल ।

वाग्ले, अच्युत (२०१८),*राजनीतिक अस्थिरता र बजेट कार्यान्वयन,* नेपाल प्रेस पुस्तकालय ।

तिवारी, सन्जिव,(२०२१),*राजनीतिक अस्थिरता र विकास,* विकास, अनुसन्धान प्रतिष्ठान ।

थापा, भक्ति (२०१६),*प्रजातान्त्रिक अभ्यास र विकास,* समाजशास्त्र र विकास अध्ययन केन्द्र ।

भण्डारी, चन्द्र (२०१५),*संघीय संरचना र स्थानीय शासन,* राष्ट्रिय विकास अध्ययन केन्द्र ।

भट्टराई, गोविन्द (२०२२) ,*राजनीतिक अस्थिरता र संघीयता,* लोकतान्त्रिक अनुसन्धान प्रतिष्ठान ।

रावल, भीम,(२०६६), *राजनीतिक स्थायीत्व र कार्यान्वयन संकट,* राष्ट्रिय पब्लिकेशन हाउस ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(UNDP),(२०२०), *नेपालमा स्थानीय शासनको सुदृढीकरण,* UNDP नेपाल ।

हाछेथू, कृष्ण,(२०१७), *संविधान र संघीयताको चुनौती,* विश्वविद्यालय प्रेस ।